नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र
खुमलटार, ललितपुर

# तराई क्षेत्रका युवा उद्यमी कृषकहरुका लागी आवासीय कृषि यान्त्रिकरण तालिम को लागि निवेदन पेशगर्ने सम्बन्धि सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/९/१९

यस केन्द्रबाट आ.व. २०८१/८२ मा "तराई क्षेत्रका युवा उद्यमी किसान र बेरोजगार युवाका लागि राष्ट्रिय स्तरको आवासीय कृषि यान्त्रीकरण तालिम" सम्वन्धि ७ दिने तालिम संचालन गर्ने कार्यक्रम रहेकाले तालिममा सहभागी हुन चाहने कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस केन्द्रमा वा केन्द्रको इमेल ठेगाना thenaerc@gmail.com मा आइपुग्ने गरि रितपूर्वक निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन फारम www.narc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। नेपालको तराई क्षेत्रमा पर्ने जिल्लाका समतल भू-भागमा कृषि व्यवसाय गर्ने/गर्न चाहने कृषक/कृषि यन्त्र चालक लाई प्राथमिकता दिइने छ । उद्यमी किसान र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम छनौट भएका प्रशिक्षार्थीको नाम वेवसाइटमा प्रकाशित गरिनेछ र तालिम अनुमानित माघ महिनाको अन्तिम हप्तादेखि तराई क्षेत्रमा रहेको नार्क को अनुसन्धान केन्द्रमा संचालन गरिने छ । विस्तृत जानकारीको लागि यस केन्द्रको टेलिफोन न.०१-५४२१३०७, ९८४९४०२५३५ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

*नोटः माथि उल्लेखित वेब साइट www.narc.gov.np ( कृपया पुरा type गरेर वेवसाइट खोज्नुहोला) बाट आवेदन फारम डाउनलोड गरेर प्रिन्ट गरि, राम्रोसंग फारम भरि, स्थानीय निकायबाट सोहि आवेदन फारममा सिफारिश ( सहि र छाप) गराई अन्य कागजातहरु (नागरिकताको प्रतिलिपि, सहकारी वा कृषक समुह बाट सिफारिश भएको भए सिफारिश पत्र, कृषि फर्म दर्ता प्रमाणपत्र/ ट्रयाक्टर चालक अनुमतिपत्र प्रतिलिपि) भएको खण्डमा आवेदन र अन्य संलग्न कागजातहरु लाई स्क्यान/फोटो खिचेर thenaerc@gmail.com इमेल ठेगानामा पठाउनुहोला । इमेल प्राप्त भएपछी १-२ दिन भित्र इमेल प्राप्त भयो भन्ने जवाफ आउछ, प्रतिक्षा गर्नुहोला । पहाडी र तराई दुवै क्षेत्रमा पालिका भएको जिल्लाको हकमा तराई क्षेत्रमा पर्ने पालिकालाइ योग्य मानिने छ ।*

श्री कृषि आ.प्रा.
०८१/०९/१९

Scanned with CamScanner

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद

# राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र

खुमलटार, ललितपुर

## तराई क्षेत्रका युवा उद्यमी कृषकहरुका लागि आवासीय कृषि यान्त्रिकरण तालिमको आवेदन फारम

| | | |
|---|---|---|
| कृषकको नाम: | उमेर: | लिङ्ग: महिला/पुरुष/अन्य |
| ठेगाना: ................... | सम्पर्क नं.:- <br> Email address: | |

शैक्षिक योग्यता: ............

<u>कृषि फर्म दर्ता गरेको भए</u>

कृषि फर्म/सहकारी/भाडामा कृषि यन्त्र उपलब्ध गराउने सेन्टर नाम:

दर्ता नम्बर:

<u>ट्र्याक्टर चालक भए</u>

ट्र्याक्टर चालक अनुमतिपत्र नं. :

व्यवसाय सञ्चालनको अनुभव:

१. अनुभव अवधि: ...... वर्ष

२. भाडामा लगाउने गर्नुभएको कृषि यन्त्रहरु : ..............................

३. कृषि वा अन्य तालिम लिएको भए (तालिमको नाम र अवधि): .......

४. के विषयमा तालिम लिन चाहनु भएको हो ?:

<u>बेरोजगार युवा भए</u>

कति अवधि देखि बेरोजगार:............ वर्ष

के गर्दै हुनुहुन्थ्यो: कृषि/अध्ययन/अन्य.........

<u>वैदेशिक रोजगारीबाट फर्केको भए</u>

गएको देशको नाम: ............ काम गरेको अवधि: ......... वर्ष .......... महिना

नेपाल फर्केको मिति:

सहकारी वा कृषक समूह बाट सिफारिस भएको वा नभएको : ...................

संलग्न गर्नुपर्ने कागजात: नागरिकताको प्रतिलिपि, सहकारी वा कृषक समूह बाट सिफारिश भएको भए सिफारिश पत्र, कृषि फर्म दर्ता प्रमाणपत्र/ ट्र्याक्टर चालक अनुमतिपत्र प्रतिलिपि

नोट: १. ट्र्याक्टर चालक/ मिसिनरी सेवा प्रदायक र उद्यमी कृषक लाई प्राथमिकता दिइनेछ

२. गत/ यस केन्द्रबाट आवासीय तालिम लिइसकेका आवेदक लाई तालिममा सहभागी गराइने छैन

............ ........................

निवेदकको दस्तखत | स्थानीय तह/कार्यालयको छाप | सिफारिस गर्नेको दस्तखत र पद

मिति

Scanned with CamScanner